# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश ,नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## सेवा करारमा शिक्षक पदपूर्तिको लागि दरखास्त आव्हानको लागि सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७८।११।२२**

प्रस्तुत विषयमा माण्डवी गाउँपालिकाको मिति २०७८।०६।०८ गते बसेको गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको आ.व. २०७८।०७९ मा गाउँपालिका अन्तर्गत श्री गणेश आधारभूत विद्यालय ढिकावनमा आधारभूत तह अंग्रेजी ,गणित र विज्ञान शिक्षण सहयोग अनुदान कार्यक्रमबाट **अंग्रेजी शिक्षक**, विद्यालय सहयोगी कर्मचारी **(का.स.)** र श्री सरस्वती प्राथमिक विद्यालय मुकचौरमा गाउँपालिका अनुदान **प्राथमिक तहको शिक्षक** पदका लागि खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्धारा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक , योग्य ,दक्ष नेपाली नागरिकहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपशिल :**

### १. पदको विवरण

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १५/०७८/०७९ | शिक्षक | आधारभूत | अंग्रेजी | १ | ७०० |
| २ | १६/०७८/०७९ | शिक्षक | प्राथमिक | - | १ | ५०० |
| ३ | १७/०७८/०७९ | का.स. | - | - | १ | ३०० |

**२.आवश्यक न्युनतम शैक्षिक योग्यताः**

*अंग्रेजी विषयको लागिः* नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी विषय लिई कम्तिमा आइ.एड/+२ वा सो सरह उत्तीर्ण गरेको ।

*प्रा.वि. तहको लागिः* नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा आइ.एड/+२ वा सो सरह उत्तीर्ण गरेको ।

*कार्यालय सहयोगीको लागिः* नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा उत्तीर्ण गरेको ।

**३. आवश्यक कागजातहरु :** क)नेपाली नागरिकताको प्रमाण पत्र ख) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो ग) शैक्षिक योग्यताका प्रमाण पत्रहरु घ) अध्यापन अनुमति पत्र ङ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण–पत्रका प्रतिलिपिहरु २ प्रति स्वयम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ ।

**४. परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।

**५. उमेर हद** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**६. दरखास्त दिने अन्तिम मितिः** २०७८/११/२८ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

**७.सम्पर्क मिति** : २०७८/११/३० गते, लिखित परिक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ ।

**८. तलब स्केल** : प्रचलित नियमानुसार ।

**९. करार अवधि** :२०७९ असार मसान्त सम्म ।

**१०. परीक्षाको पाठ्यक्रमः** शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार हुनेछ ।

**११.थप जानकारीको लागि सम्पर्क नं :.९८५७८३६००६ वा ९८४७९७१६७७** मा सम्पर्क गर्न सक्नुहुनेछ ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत